नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह श्रोत परिचालन शाखा)

प.स.०८२/८३

च.नं. ०१

सिंहदरबार, काठमाडौं

मिति २०८२/०४/०४

**बिषयः- जानकारी सम्वन्धमा।**

श्री स्थानीय तहहरु (सबै) ।

उपर्युक्त सम्बन्धमा खानेपानी मन्त्रालयको च.नं ५२८ मिति २०८०/०३/०४ को खानेपानी महसुल निर्धारण गरि लागु गर्ने सम्बन्धमा स्थानीय तहहरु मार्फत सेवा प्रदायकहरुलाई समन्वय गरिदिने बारेको पत्र र खानेपानी तथा सरसफाई सेवा आयोग, त्रिपुरेश्वर काठमाडौंको च.नं २२८ मिति २०८२/०३/२२ गतेको पत्र यसैसाथ संलग्न राखी आवश्यक जानकारीका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८२/०४/०४

(अनिल तिखत्री)

शाखा अधिकृत

बोधार्थः

श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना प्रविधि शाखा, सं.मा. तथा सा.प्र.मन्त्रालय, (वेवसाइटमा अपलोड गरिदिनु हुन) ।

४


नेपाल सरकार

# खानेपानी मन्त्रालय

(आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन शाखा)

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल ।


पत्र संख्या :- २०८१।८२
चलानी नं. :- ५८२

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४५९५
दर्ता मिति:- ३।२५

मिति:२०८२।०३।२४
ने. सं. ११४५ दिल्लाथ्व

विषय: खानेपानी महसुल निर्धारण गरी लागू गर्ने सम्बन्धमा स्थानीय तहहरुमार्फत सेवाप्रदायकहरुलाई समन्वय गरिदिने बारे ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

उपरोक्त विषयमा खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग, त्रिपुरेश्वर, काठमाडौंको प.सं. २०८१/८२ च.नं. २२८ मिति २०८२।०३।२२ गतेको पत्रको छायाँकपी यसैसाथ संलग्न छ । पत्रमा उल्लेख भए बमोजिम आयोगको मिति २०८२/०३/१३ को २८ औं बैठकबाट भएको निर्णयहरु कार्यान्वयनको लागि सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुलाई स्थानीय तहहरु मार्फत जानकारी गराउन तहाँमार्फत स्थानीय तहहरुलाई परिपत्र गरिदिने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

तपसिलः

१) खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगको मिति २०८१/१२/१३ मा स्वीकृत खानेपानी तथा सरसफाइ सेवा महसुल तथा सेवाशुल्क (निर्धारण सम्बन्धि) निर्देशिका, २०८१ बमोजिम २००० वटा भन्दा कम धारा संख्या मार्फत खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने सेवाप्रदायकहरुले सम्बन्धित स्थानीय तह मार्फत नै महसुल स्वीकृत गराई लागु गर्ने गरी अधिकार प्रत्यायोजन भएको हुँदा सम्बन्धित सरोकारवालाहरुले सोही बमोजिम गर्नु गराउनु हुन ।

२) २००० वटा भन्दा बढी धारा संख्या मार्फत खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने सेवाप्रदायकहरु (वोर्ड तथा उपभोक्ता समितिहरु) ले विद्यमान महसुल पुनरावलोकन गर्नुपर्ने भए प्रचलित ऐन, नियम र खानेपानी तथा सरसफाइ सेवा महसुल तथा सेवाशुल्क (निर्धारण सम्बन्धि) निर्देशिका, २०८१ अनुसार यस आयोगमा प्रस्ताव पेश गर्नु हुन ।

३) २००० वटा भन्दा बढी धारा संख्या मार्फत खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने सेवाप्रदायकहरुले तत्काल महसुल प्रस्ताव पेश गर्ने तयारी नभएको भए मौजुदा महसुल दर कुन संस्थाबाट कुन मितिमा स्वीकृत भई लागु भएको हो ? सो व्यहोरा समेत खुलाई मौजुदा महसुल दर र सेवाशुल्क स्वीकृतिका लागि यस आयोगमा इमेल ठेगाना wstfc.nepal@gmail.com मार्फत गर्ने जानकारी गराउनु हुन ।

शिव कार्की
शाखा अधिकृत

प्रशासन महाशाखा
दर्ता नं.: १४३२
मिति: ०८२/०३/२३

नेपाल सरकार

# खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग

त्रिपुरेश्वर, काठमाडौं

अन्तरनिकाय व्यवस्थापन तथा सुशासन प्रवर्द्धन शाखा
दर्ता नं.: ४०३
मिति: २०८२/०३/२३

नेपाल सरकार
खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग
त्रिपुरेश्वर, काठमाडौं

खानेपानी मन्त्रालय
सचिवज्यूको सचिवालय
दर्ता नं.: ३८०२
मिति: २०८२/३/२२

प.सं.: ०८१/८२
च.नं.: २२८

मिति: २०८२/०३/२२

श्री खानेपानी मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषय: खानेपानी महसुल निर्धारण गरी लागु गर्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तहहरु तथा सेवाप्रदायकहरुलाई समन्वय गरिदिने बारे।**

प्रस्तुत विषयमा खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा २८ बमोजिम खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराए बापत त्यस्तो सेवा प्राप्त गर्ने उपभोक्ताले तिर्नु पर्ने महसुल निर्धारण गर्न एक खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग रहने व्यवस्था रहेको र सो व्यवस्था बमोजिम मिति २०८०/०७/१३ मा आयोग गठन भई क्रियाशिल रहेको अवस्था छ। हाल मुलुकभर अनुमानित ४५,००० भन्दा बढी खानेपानी तथा सरसफाइ सेवा प्रदायकहरु मार्फत सेवा प्रदान भइरहेको अवस्था छ, यद्यपि आयोग गठन भएको करिब १८ महिना भइसक्दा पनि कुनै पनि सेवाप्रदायकबाट खानेपानी तथा सरसफाइ महसुल निर्धारणका लागि प्रस्ताव प्राप्त नभएको अवस्था भएता पनि विभिन्न उपभोक्ता समिति तथा सेवा प्रदायकहरुले प्रभावकारी रुपमा उपभोक्ता हितलाई मध्यनजर नगरी आफुखुसी महसुल तथा सेवा शुल्क निर्धारण गरी लागु गरेको भनि बारम्बार गुनासो समेत प्राप्त हुने गरेको छ। आयोगबाट स्वीकृत खानेपानी तथा सरसफाइ सेवा महसुल तथा सेवाशुल्क (निर्धारण सम्बन्धि) निर्देशिका, २०८१ अनुसार २००० वटा सम्म धारा संख्या भएका स्थानीय खानेपानी तथा सरसफाइ सेवा प्रदायकहरुले सम्बन्धित स्थानीय तहमा महसुल प्रस्ताव पेश गरी स्वीकृति पश्चात लागु गर्नु पर्ने र २००० वटा भन्दा बढी धारा संख्या भएका सबै खानेपानी तथा सरसफाइ सेवा प्रदायकहरुले (कम्पनी, बोर्ड, संस्थान, उपभोक्ता समिति) हरुले यस आयोगमा महसुल तथा सेवा शुल्क निर्धारणका लागि पेश गर्नु पर्ने व्यवस्था रहेको व्यहोरा अनुरोध छ।

सो सम्बन्धमा आयोगको मिति २०८२/०३/१३ को २८ औं बैठकबाट सबै खानेपानी तथा सरसफाइ सेवा प्रदायक संस्थाहरुलाई खानेपानी महसुल निर्धारण सम्बन्धमा निम्नानुसार पत्राचार गर्ने निर्णय भएको व्यहोरा अनुरोध गर्दै तपसिल बमोजिमको विषय सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुलाई स्थानीय तहहरु मार्फत जानकारी गराउन उपयुक्त देखिएकोले स्थानीय तहहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत परिपत्र गरिदिन समन्वयका लागि अनुरोध छ।

तपसिल:

१) खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगको मिति २०८१/१२/१३ मा स्वीकृत खानेपानी तथा सरसफाइ सेवा महसुल तथा सेवाशुल्क (निर्धारण सम्बन्धि) निर्देशिका, २०८१ बमोजिम २००० वटा भन्दा कम धारा संख्या मार्फत खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने सेवाप्रदायकहरुले सम्बन्धित स्थानीय तह मार्फत नै महसुल स्वीकृत गराई लागु गर्ने गरी अधिकार प्रत्यायोजन भएको हुँदा सम्बन्धित सरोकारवालाहरुले सोही बमोजिम गर्नु गराउनु हुन।

२) २००० वटा भन्दा बढी धारा संख्या मार्फत खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने सेवाप्रदायकहरु (बोर्ड तथा उपभोक्ता समितिहरु) ले विद्यमान महसुल पुनरावलोकन गर्नुपर्ने भए प्रचलित ऐन, नियम र खानेपानी तथा सरसफाइ सेवा महसुल तथा सेवाशुल्क (निर्धारण सम्बन्धि) निर्देशिका, २०८१ अनुसार यस आयोगमा प्रस्ताव पेश गर्नु हुन।

३) २००० वटा भन्दा बढी धारा संख्या मार्फत खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने सेवाप्रदायकहरुले तत्काल महसुल प्रस्ताव पेश गर्ने तयारी नभएको भए मौजुदा महसुल दर कुन संस्थाबाट कुन मितिमा स्वीकृत भई लागु भएको हो? सो व्यहोरा समेत खुलाई मौजुदा महसुल दर र सेवाशुल्क स्वीकृतिका लागि यस आयोगमा इमेल ठेगाना wstfc.nepal@gmail.com मार्फत गर्ने जानकारी गराउनु हुन।

सुमन अधिकारी
उप-सचिव

बोधार्थ:
श्री प्रशासन महाशाखा
श्री खानेपानी तथा सरसफाइ महाशाखा
श्री सौचालय तथा विकास सहायता समन्वय महाशाखा
श्री आर्थिक प्रशासन शाखा
श्री सि.ए. शाखा